**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 30.11.2024**

**समाचार सुन्नुहोस्।**

**CM-ADB**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज सम्मान भवनमा सिक्किममा एसियाली विकास ब्याङ्क, ADB परियोजनाको उद्घाटन समारोहको अध्यक्षता गर्नुभयो। उहाँले भन्नुभयो, यो हाम्रो राज्यको विकास यात्रामा परिवर्तनकारी कोसेढुङ्गा हो। मुख्यमन्त्रीले सिक्किम पावर सेक्टर विकास परियोजनालाई स्वीकृति दिन ठूलो सहयोग गरेकामा ADB का अधिकारीहरूप्रति आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, यस ऐतिहासिक पहल दिगो विकासलाई अघि बढाउनमा अग्रसर हुँदै भरपर्दो र निर्बाध आपूर्ति सुनिश्चित गरेर हाम्रो ऊर्जा क्षेत्रमा क्रान्तिकारी परिवर्तन गर्न तयार छ। उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदी र उहाँको मिसनको दूरदर्शी नेतृत्वमा सिक्किमको आकाङ्क्षाप्रतिको दृढ प्रतिबद्धताको प्रतिबिम्ब अर्थात् विशेष श्रेणीका राज्यहरू अन्तर्गत 90% अनुदान प्राप्त गर्नमा भारत सरकारको महत्त्वपूर्ण भूमिकाको पनि प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, बिजुली, पानी र सडकमा हाम्रो सरकारको ध्यानलाई पुन: पुष्टि गर्दै, मैले सौर्य रूफटप परियोजना र ई-मबिलिटीको प्रवर्धनलगायत आगामी परिवर्तनकारी परियोजनाहरूलाई प्रकाश पारेँ, जसले सिक्किमलाई नेट जिरो राज्य बन्ने लक्ष्य हासिल गर्न मार्ग प्रशस्त गर्नेछ। मुख्यमन्त्रीले अझ भन्नुभयो, यो कोसेढुङ्गा हासिल गर्न समर्पित र विज्ञ अभियान्ता, अधिकारी र ठेकेदारहरूलाई म बधाई दिन चाहन्छु। म सबै सरोकारवालाहरूलाई गुणस्तर, पारदर्शिता र जवाफदेहिताका उच्चतम मापदण्डहरू कायम राख्न आग्रह गर्दछु किनकि हामी यो परियोजना सफल बनाउनलाई ल्याउँछौँ। उहाँले ADB सँगको यस सहकार्यले सिक्किमका लागि नयाँ युगको सुरुवातको सङ्केत गर्नेछ, जसले सबैका लागि दिगो, प्रगतिशील र समृद्ध भविष्यप्रति हाम्रो सामूहिक प्रतिबद्धतालाई दर्शाउनेछ, भन्नुभयो।

## DEO-Electon

गान्तोकका जिल्ला निर्वाचन अधिकारी श्री तुषार निखारेले 6 जनवरी 2025 लाई योग्यता मिति तय गरी मतदाता नामावलीको चलिरहेको विशेष सारांश संशोधन समीक्षा गर्न विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग आज बैठक गर्नुभयो। उहाँले बैठकमा राजनीतिक दलहरूले बुथ तहका एजेन्ट नियुक्त गर्नुपर्नेमा जोड दिनुभयो। साथै, उहाँले पार्टीका प्रतिनिधिहरूलाई दाबी र आपत्तिको सूची पनि दिनुभयो। राजनीतिक दलहरूलाई प्रतिवेदनलाई राम्ररी समीक्षा गर्न र त्रुटिरहित मतदाता नामावली सुनिश्चित गर्न कुनै पनि विसंगतिलाई तुरुन्तै समाधान गर्न प्रोत्साहित गरियो। **विशेष सारांश संशोधन** प्रक्रियामा निरन्तर संलग्नता सुनिश्चित गर्न, जिल्ला निर्वाचन अधिकारीले यसअघि 22 अगस्त 2024, 11 सेप्टेम्बर 2024 र 29 अक्टोबर 2024 मा राजनीतिक दलहरूसँग यस्तै बैठकहरू गर्नुभएको थियो।

**North-East Para Sports**

नोभेम्बर 27 देखि 29 सम्म गुवाहाटीमा आयोजित पहिलो **नर्थ-ईस्ट प्यारा स्पर्ट्स मीट**-मा सिक्किमको टोलीले उल्लेखनीय प्रदर्शन गऱ्यो। दुई अधिकारीसहित आठ पारा-एथलीटहरूको सिक्किम टोलीले चार विधा पौडी, एथलेटिक्स, ब्याडमिन्टन, र टेबल टेनिसमा प्रतिनिधित्व गऱ्यो। यस खेलमा पूर्वोत्तरका आठ राज्यका ५०० भन्दा बढी खेलाडी सहभागी थिए। सिक्किमका खेलाडीहरूले प्यारा-खेलमा आफ्नो पहिलो सहभागितामा चार पदक जितेका छन्। टेबलटेनिसमा फुन्सोक टासी भोटियाले स्वर्ण अनि सटपुटमा शेरबहादुर मङ्गर र दिकबहादुर बस्नेतले एक-एक कास्य पदक र निमा दोर्जी तामाङले १०० मिटर फ्रिस्टाइल स्विमिङमा कास्य जितेका छन्। यसअघि सिक्किम सरकारका खेलकुद तथा युवा मामिला मन्त्री श्री राजु बस्नेतले 26 नोभेम्बर, 2024 मा सिक्किम टोलीलाई प्रस्थान गराउनुभएको थियो। टोलीलाई सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागले प्रायोजित गरेको हो।

**Namchi-Mega Medical Camp**

तेस्रो IRB द्वारा नाम्ची जिल्ला अस्पतालका सहकार्यमा र SBI गान्तोकका सह-प्रायोजनमा हिजो बटालियन मुख्यालय, मङलेमा मेगा चिकित्सा शिविर आयोजित गरियो। शिविरको उद्देश्य सिक्किम राज्यको स्वर्ण जयन्तीका अवसरमा सर्वसाधारणलाई निःशुल्क चिकित्सा सेवा प्रदान गर्नु रहेको थियो। कार्यक्रममा उप-विधानसभा अध्यक्ष श्रीमती राजकुमारी थापा उपस्थित हुनुहुन्थ्यो। नाम्ची अस्पतालका चिकित्सकहरूको टोलीले शिविरमा सक्रिय सहभागिता जनाएको थियो। शिविरमा ८३६ जनालाई नि:शुल्क औषधि, चस्मा र खाजा उपलब्ध गराइयो। साथै, तेस्रो IRB ले यातायातका लागि नि:शुल्क बस सेवाहरू उपलब्ध गरायो।

**Bus Accident**

आज सिलगढीबाट गान्तोक आइरहेको क्वालिटी बस रम्फू नजिक भोटे भीरमा दुर्घटनाग्रस्त हुँदा, अहिलेसम्मको प्राप्त रिपोर्टअनुसार पाँच जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन्। घाइतेहरूको सिङ्ताम जिल्ला अस्पताल र रम्फु प्राथमिक चिकित्सा केन्द्रमा उपचार भइरहेको छ।

समाचार पूरा भयो।